जीविका
कोष समाचार
जेठ २०६९

गरीबी निवारण कोष
नेपाल
२०६०

भित्र

२ दलित समुदायको सबलीकरण
३ शिल्पी लक्षित कोषको कार्यक्रम
४ जिल्ला विशेष – बझाङ
५ गरिबी निवारणका कार्यनीति र समस्याहरु
६ सफलताको कथा
८ पिओ/सिओ कुनो
९ अन्तर्वार्ता
११ संक्षिप्त गतिविधि
१२ छोटकरीमा कोष

# गरिबको वास्तविक आयमा वार्षिक ६८.२५ प्रतिशत वृद्धि

विगत तीन वर्षदेखिको उच्च मुद्रास्फीतिले न्युन आय वर्गकालाई नराम्ररी प्रभाव पारेको छ । पछिल्लो अध्ययनलाई आधार मान्ने हो भने गरिबी निवारण कोषका कार्यक्रममा सहभागी सर्वसाधारण यो समस्याबाट मुक्त नभए पनि उनीहरुको आम्दानी तथा उपभोगमा आएको सुधारले केही राहत प्रदान गरेको छ ।

खासगरी, तीन वर्ष वा त्यसभन्दा बढी कोषको सहायताप्राप्त घरधुरीको आम्दानी मुद्रास्फीति समायोजनपछि (वास्तविक आय) गर्दा वार्षिक रुपमा औसत ६८.२५ प्रतिशतले बढेको “सोसियल रिअसेसमेन्ट रिपोर्ट” मा उल्लेख छ । कोषले हालै यो अध्ययन प्रतिवेदन सार्वजनिक गरेको हो ।

“दलित तथा जनजातीको वास्तविक आय अझै उच्च दरमा बढेको छ,” प्रतिवेदनमा भनिएको छ । प्रतिवेदन अनुसार दलित समुदायको आय यस अवधिमा ८३.९५ प्रतिशत र जनजातीको ७९.२५ प्रतिशतले बढेको छ । आयस्तरमा सुधार भए अनुसार कोष कार्यक्रमबाट लाभान्वितहरुको तीन महिना वा त्यसभन्दा कम समयका लागि खाद्य अपर्याप्तता ६६.९ प्रतिशतबाट झरेर २४.१ प्रतिशतमा सीमित भएको छ ।

जातीय आधारमा सामुदायिक संस्थाका सदस्य




“तीन महिनाभन्दा कम समयका लागि मात्रै खान पुग्ने अति गरिब घरधुरीको संख्या झण्डै दुई-तिहाईले घटेको छ । यो वास्तवमा उत्साहप्रद संकेत हो,” कोषका अनुसन्धान तथा विकास अधिकृत कञ्चन तमाङ लामाले भने ।

कोषले ११ जिल्लाका ४,८८० घरधुरीमा गरेको सर्वेक्षणबाट यो नतिजा आएको हो । सर्वेक्षणका लागि सन २००८ र त्यसभन्दा अघि कोषले कार्यक्रम सुरु गर्ने क्रममा संकलन गरेको

जातीय आधारमा घरधुरीको आय वृद्धि दर




आयस्तरलाई अध्ययनमा आधारभुत तथ्यांकको रुपमा प्रयोग गरिएको थियो । आयस्तर सम्बन्धी पछिल्लो तथ्यांक पनि पहिलेकै घरधुरीहरुबाट पुरानै विधिबाट संकलन गरिएको हो ।

बझाङ, डडेलधुरा, दैलेख, दार्चुला, हुम्ला, जाजरकोट, कालिकोट, प्युठान, रौतहट, सिन्धुली र सिराहाका १७५ सामुदायिक संस्थासँग आवद्ध घरधुरीलाई अध्ययनमा समावेश गरिएको थियो । कोषका कार्यक्रम सञ्चालनका लागि गरिब घरधुरीबाट सामुदायिक संस्था गठन हुदै आएको छ ।

अध्ययनमा समावेश भएकामध्ये ३२.१ प्रतिशत दलित, २५ प्रतिशत जनजाती, २३.१ प्रतिशत बाहुन/क्षेत्री र १९.८ प्रतिशत अन्य समुदायको घरधुरी थियो ।

अध्ययनले कोषको कार्यक्रम सञ्चालन भएको यो अवधिमा लक्षित समूहमा आर्थिक वृद्धिको वितरण समुचित ढंगमा पुऱ्याउन प्रभावकारी रहेको पुष्टी गरेको छ । गरिब समुदाय आफैले माग गरेको, तर्जुमा गरेको र कार्यान्वयनमा ल्याएको विभिन्न आयआर्जन, सामुदायिक पूर्वाधारलगायत अन्य ग्रामीण परियोजनामा प्रत्यक्ष लगानीमार्फत

बाँकी पेज ३ मा .......

# जीविका
कोष समाचार

गरिबी निवारण कोषको चौमासिक समाचार वुलेटिन
वर्ष ६, अंक १२, जेठ २०६९



**सम्पादन सल्लाहकार**
राजबाबु श्रेष्ठ

**सम्पादक**
श्रीराम सुवेदी

जीविका गरिबी निवारण कोषद्वारा चौमासिक रुपमा प्रकाशन गरिन्छ । जानकारीपत्रमामा समावेश सूचना तथा सामग्रीहरु साभार गर्दा वा पुनः प्रकाशन गर्दा गरिबी निवारण कोषको नाम उल्लेख गर्नुहुन पाठकहरुलाई अनुरोध गर्दछौं ।



**गरिबी निवारण कोष**

रेड क्रस मार्ग, ताहाचल
पो.ब.नं. ९९८५, काठमाण्डौ, नेपाल
फोनः +९७७-१-४०३०७००
फ्याक्सः +९९-१-४०३०७०१
इमेलः info@pafnepal.org.np



गरिबी निवारण कोष सम्बन्धी वृहत जानकारी र सूचानाका लागि कृपया हाम्रो वेवसाईट हेर्नुहोसः www.pafnepal.org.np


# दलित समुदायको सबलीकरण

*– श्रीराम सुवेदी, कोष*

ऐतिहासिक रुपमा अछुत भन्दै पछाडि पारिएका दलित समुदायको नेपालको कुल जनसंख्यामा १३ प्रतिशत हिस्सा छ । शदियौंदेखि उनीहरु सामाजिक, राजनीतिक तथा आर्थिक रुपमा विभेदको शिकार हुदै आएका छन् । गरिबीको राष्ट्रिय अनुपात २५ प्रतिशत रहेकोमा दलितमाझ यस्तो अनुपात ४५ प्रतिशतको उच्च तहमा रहेको छ ।

पछिल्लो समयमा सरकारले स्थानीय तथा केन्द्रीय सरकारमा दलित समुदायको सहभागिता बढाउन क्रियाशील भूमिका खेलेको छ । तापनि, छुवाछुत, विभेद, गरिबी, स्रोतसाधन माथिको पहुँच, शासनमा सहभागिता, राजनीतिक अधिकारजस्ता विषयहरुमा उनीहरु पछाडि छन् । बालिघरे, हलियालगायतका प्रथाले उल्लेखित विभेदलाई मलजल गरिरहेको छ । यी प्रथाकै कारण कतिपय दलित बिना पारिश्रमिक काम गर्न बाध्य छन् । राज्यको पुनर्संरचना र नयाँ संविधान बन्दै गरेको वर्तमान परिप्रेक्ष्यमा दीर्घकालिन शान्ति र विकासका लागि त्यस खालका असमानता र विभेदहरुको अन्त्य हुनै पर्छ भन्नेमा कसैको दुई मत रहदैन ।

## समावेशी ढाँचा

गरिबी निवारण कोषले हाल नेपालका ७५ मध्ये ४० जिल्लामा काम गरिरहेको छ । कोषको वृहत तथा सघन सामाजिक परिचालन प्रक्रियामा समुदायलाई छुवाछुत तथा दलित एवं अन्य शोषित समूहलाई गरिने बहिष्करणका अन्य गतिविधिहरुलाई परित्याग गर्न प्रोत्साहित गरिन्छ ।

## दलित र सामुदायिक संस्था

कोषको सामुदायिक संस्थाका कुल सदस्यमध्ये २९ प्रतिशत दलित छन् । ती संस्थाका मुख्य पदहरुमा ३४ प्रतिशत दलितहरुको हिस्सा छ । यो अनुपात सामाजिक समूहका हिसाबले सबभन्दा उच्च हो ।

## गतिविधिमा विविधता

पछिल्लो दुई वर्षको तथ्यांकको गहिरिएर विश्लेषण गर्ने हो भने जम्मा ४४,०३९ दलित घरधुरीमध्ये ६८ प्रतिशत पशुपालनमा, १० प्रतिशत व्यापारमा र १० प्रतिशत पूर्वाधार सम्बन्धी गतिविधिमा संलग्न छन् । पशुपालनमा पनि ५० प्रतिशतले बाखापालन, २२ प्रतिशतले भैंसीपालन र १२ प्रतिशतले गाईपालन गरिरहेका छन् । बहुसंख्यक दलितहरु भूमिहिन भएकाले र बाखापालनका लागि थोरै ठाउँ भए पुग्ने हुनाले यसप्रती उनीहरुको आकर्षण बढी देखिएको हो । अर्कोतिर भैंसी तथा गाईपालनमा बढ्दो

| विभिन्न क्षेत्र | दलित | |
|---|---|---|
| | जम्मा घरधुरी | % |
| पशुपालन | ३०,११५ | ६८।५० |
| व्यापार | ४,६१२ | १०।५० |
| सामूदायिक पूर्वाधार | ४,३५८ | ९।९० |
| कृषि र अन्य | २,६५९ | ६।०० |
| सेवा | १,५९९ | ३।६० |
| उत्पादनमूलक र अन्य | ४५१ | १।०० |
| सामाजिक सेवा | २४५ | ०।६० |
| जम्मा | ४४,०३९ | १००।०० |

संलग्नताले दलितहरुले उत्पादन गरेको दूध ग्रामीण समाजले विस्तारै स्वीकार गर्न लागेको संकेत गर्छ । तथ्यांकले खुद्रा व्यापार र तरकारी खेतीमा पनि दलितहरुको उल्लेख्य सहभागिता देखाएको छ । यो ग्रामीण नेपालमा हुँदै गरेको सकारात्मक परिवर्तन मध्ये एक हो ।

## उत्पादनमूलक र अन्य नतिजा

लैंगिक, जातिगत तथा भौगोलिक दृष्टिले एक्ल्याइएका कारण विपन्न तथा सबभन्दा जोखिममा परेका समुदायमा पुगेर ससानो परिमाणमा स्रोत उपलब्ध गराउँदा पनि त्यस्ता समुदायले उनीहरुकै अगुवाईमा विकास गतिविधि सञ्चालन गर्दा गरिबीबाट दिगो रुपमा मूक्ति पाउन सक्छन भन्ने कोषको कार्यक्रमले देखाएको छ । हालसालै ११ जिल्लाका १७५ सामुदायिक संस्थामा आवद्ध ४,८८० घरधुरीलाई समेटेर गरिएको एक सामाजिक प्रभाव मुल्यांकनले ६८.३ प्रतिशत घरधुरीको वास्तविक आम्दानी १५ प्रतिशत र त्यसभन्दा बढीले वृद्धि भएको देखाएको छ । यसैगरी सामुदायिक संस्थाका सदस्य घरधुरीको खाद्य असुरक्षा (तीन महिना र त्यसभन्दा कम समयका लागि खाद्यान्न पर्याप्तता) ६३.४ प्रतिशतले घटेको छ । समग्रमा, कोषको सघन सामाजिक परिचालन तथा वित्तीय स्रोतले उनीहरुलाई आत्मनिर्भर बन्ने आधार बनाइदिएको छ । यसले दिगो र दीर्घकालिन परिवर्तनलाई सुनिश्चित गर्नेछ ।

## सिकाई र भावी चुनौति

दलित समुदायमा गरिबीले जरो गाडेर बसेको छ । त्यसैले उनीहरुलाई पुस्तौंदेखिको गरिबीको दुष्चक्रबाट बाहिर ल्याउन समय लाग्छ । यसबोहक प्रारम्भिक चरणमा उनीहरुमा वित्तीय सहायतालाई संश्लेषण गर्ने आवश्यक क्षमताको अभाव पनि छ । यस अर्थमा कोषको सहायता उनीहरुको जिवीकोपार्जमा सुधारका लागि कोषको सहायता महत्वपूर्ण हुन्छ ।

सूचना व्यवस्थापन प्रणालीको हालैको विश्लेषणबाट उनीहरु खुद्रा व्यापार र अन्य लघु उद्यममा बढी संलग्न भएको देखिएको छ । यो कोषका लागि महत्वपूर्ण सिकाईको विषय हो । यसै आधारमा कोषले यस्तै प्रकृतिका उद्यममा जोड दिनु पर्ने देखिन्छ । पशुपालमा धेरै लगानी भएको र यसका लागि माग बढी रहेकाले दलित समुदायलाई अनुकुल हुने गरी पशु बिमाको क्षेत्र विस्तार पनि आवश्यक छ । सामुदायिक संस्थालाई आवश्यक सहयोग तत्काल उपलब्ध गराउन सक्ने उद्देश्य अनुरुप कोषले हाल स्थानीय स्रोत व्यक्तिलाई दक्ष बनाउने तयारी गरिरहेको छ । यसमा स्थानीय नवविवाहित महिलालाई स्रोत व्यक्ति बनाउने सोच कोषको छ । पुरुषहरु अवसरको खोजीमा बाहिरिने र नवविवाहित महिला गाँउमा बस्ने सम्भावना तुलनात्मक रुपमा बढी हुने भएकाले उनीहरु रोजाईमा परेका हुन । कोषले हालसालै पकेट क्षेत्र विकास अवधारणा अँगिकार गरेको छ । विगतका अनुभव र निश्चित क्षेत्रमा निश्चित कृषि उत्पादनको सम्भाव्यतालाई दृष्टिगत गरी यस्तो अवधारणा अँगालिएको हो । यसबाहेक बजार सम्बन्ध स्थापनामा पनि कोषले जोड दिँदै आएको छ ।

# शिल्पी लक्षित कोषको कार्यक्रम



गरिबी निवारण कोषले "नेपालमा द्वन्द्व प्रभावितहरुका लागि बजारलाई उपयोगी बनाउने" चार वर्षे परियोजना सुरु गरेको छ । ग्रामीण क्षेत्रमा परम्परागत सीप भएका गरिब शिल्पीहरुको बजार पहुँच बढाउने २०६९ वैशाख १३ मा सार्वजनिक गरिएको यो परियोजनाको उद्देश्य रहेको छ ।

"सीप भएका तर बजारको माग सम्बन्धी ज्ञान नभएका नेपालको ग्रामीण क्षेत्रमा रहेका गरिब शिल्पीहरुको आवश्यकता यो परियोजनाले पूर्ती गर्नेछ," परियोजना सार्वजनिक कार्यक्रम विश्व बैंकस्थित गरिबी निवारण कोष कार्यदल नेतृ गायत्री आचार्यले भनिन् । जापान सामाजिक विकास कोष (जेएसडिएफ) को २७ लाख अमेरिकी डलर अनुदान सहयोगमा सञ्चालित यो परियोजनाले ९ जिल्लाका ८ हजार घरधुरीलाई समेट्ने छ । तेह्रथुम, रुपन्देही, कपिलवस्तु, धनुषा, ललितपुर, म्याग्दी, गोर्खा, दैलेख र बाजुरामा परियोजना सञ्चालनका लागि विश्व बैंकले स्वीकृति प्रदान गरेको हो ।

यस अन्तर्गत जीविकोपार्जनका लागि साझेदार संस्थाको सहयोगमा शिल्पी समुदायको आफ्नै संस्था खडा गर्ने, तालिम उपलब्ध गराउने तथा उनीहरुलाइ आवश्यक वित्तीय शाधन उपयोगका लागि क्षमता विकास गर्ने परियोयजना कार्यान्वयन निकाय गरिबी निवारण कोषले जनाएको छ ।

यसैगरी कोषको प्राविधिक सहयोगी संस्थाले शिल्पी समुदायलाई वस्तुको ढाँचा, विकास तथा बजारीकरणमा सहयोग पुर्‍याउनेछ । शिल्पीहरुको समूहलाई वित्तीय आवश्यकता परिपूर्ती गर्न कम्तिमा १० वाणिज्य बैंकसँग सम्बन्ध स्थापित गराइनेछ भने उत्पादित सामग्री बिक्री गर्न पर्यटकीय गन्तव्यसहितका १० बजारसँगको पहुँच उपलब्ध गराइनेछ ।

कोष र विश्व बैंकले परियोजनामार्फत प्रत्येक शिल्पीको कार्य दिन र आम्दानी २५ प्रतिशतले बढ्ने अपेक्षा गरेका छन् । "शिल्पीहरुले देशको संस्कृति तथा परम्परा प्रवर्द्धनमा योगदान गर्दै आइरहेको भए पनि उचित बजार सम्बन्धको अभावमा उनीहरुको आम्दानी कम हुदै गइरहेको छ र उनीहरु पेशा छोड्न बाध्य भएका छन,"

> **"सीप भएका तर बजारको माग सम्बन्धी ज्ञान नभएका नेपालको ग्रामीण क्षेत्रमा रहेका गरिब शिल्पीहरुको आवश्यकता यो परियोजनाले पूर्ती गर्नेछ,"**

आचार्यले भनिन, "यो परियोजनाले उनीहरुको पेशालाई आर्थिक रुपमा आकर्षक बनाउने लक्ष्य राखेको छ ।"

उक्त अवसरमा नेपालका लागि जापानी राजदूत कुनियो ताकाहासीले यो परियोजनाले द्वन्द्व प्रभावित गरिब शिल्पीहरुको आय वृद्धि मात्र नगरेर परम्परागत सीप तथा मुलुकको संस्कृतिर र परम्पराको संरक्षणमा पनि मद्दत पुर्‍याउने विश्वास व्यक्त गरे । महिला शिल्पीहरुको बाहुल्यता हुने भएकाले परियोजनाको विविध सकारात्मक प्रभाव रहने उनले बताए । "सामान्यतया महिलाहरु बढी परिश्रमी हुन्छन । तीनीहरुका केटाकेटीले कडा परिश्रम गरेको देखे भने उनीहरुले पनि भविष्यमा त्यसको सिको गर्ने छन," उनले भने ।

ताकाहासीले द्वन्द्व प्रभावित तथा गरिब ग्रामीण क्षेत्रमा पुग्नुपर्नेमा जोड दिदैं नेपाली जनताको कल्याणका लागि जापान सरकारको सम्भावित सहयोगको प्रतिवद्धता जाहेर गरे ।

कार्यक्रममा कोषका उपाध्यक्ष जनकराज जोशीले परियोजनामार्फत देशको ग्रामीण क्षेत्रमा लघु उद्योग स्थापना तथा रोजगारी अवसरको सिर्जना हुने विश्वास व्यक्त गरे ।


कोषको साप्ताहिक
रेडियो कार्यक्रम
"परिवर्तन"
रेडियो नेपालमा
हरेक शुक्रबार साँझ
८:३०–८:४५ बजेसम्म


पेज १ बाट बाँकी .......

कोषले रचना गरेको "सामाजिक कोष" ले गरिब समुदायको जीवनयापनमा ल्याएको सकारात्मक परिवर्तनलाई पनि यो अध्ययनले उजागर गरेको छ ।

त्रिभुवन विश्वविद्यालयले यस अघि गरेको अध्ययनले पनि कोषको सहायता प्राप्त गरेको ६ महिना पुगेका गरिब घरधुरीमा प्रतिव्यक्ति वास्तविक उपभोग ४९ प्रतिशतले बढेको देखाएको थियो । उक्त अध्ययनमा पनि दलित तथा जनजाती समूहमा यस्तो उपभोग अझै उच्च दरमा बढेको उल्लेख छ ।

कोषको कार्यक्रम कार्यान्वयनमा आएका क्षेत्रमा खाद्यान्न अपर्याप्तता १४ प्रतिशतले घटेको छ । कार्यक्रमले ५ देखि १५ वर्ष उमेर समूहका बालबालिकाको विद्यालय भर्ना दरमा पनि खुद १२ प्रतिशतले वृद्धि गर्न सहायोग गरेको छ ।

यसैगरी ५ वर्ष मुनिका बालबालिकामा हुने कम तौलको समस्या पनि ५ देखि १० प्रतिशत विन्दुले घटेको छ ।

कोषले सन २००४/०५ देखि गरिबी निवारणका लागि लक्ष्यीत कार्यक्रम सञ्चालन गर्दै आएको छ । हालसम्म यसबाट देशका ७५ जिल्ला मध्ये ४५ जिल्लाका तीन लाखभन्दा बढी घरधुरी लाभान्वित भएका छन् ।

जिल्ला विशेष

# बझाङ

–भरेन्द्र बहादुर सिंह, कार्यप्रबन्धक



सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्ने बझाङलाई केन्द्रीय तथ्यांक विभागले गरिबीका आधारमा ७३ औं स्थानमा राखेको छ । जिल्लामा गरिबी निवारण कोषको कार्यक्रम आर्थिक वर्ष २०६२/६३ बाट सुरु भएको हो । जिल्लाका सबै ४७ गाविस र एक १ नगरपालिकामा कोषका कार्यक्रम सञ्चालित छन् । ती कार्यक्रमलाई सहजीकरण गर्नका १० वटा सहयोगी संस्था छनोट गरिएका छन् ।

चालु आवमा ५४ वटा सामुदायिक संस्था कोषमा दर्ता भएका छन भने ११४ वटा सह–परियोजनाहरु (८९ वटा आयआर्जन, २५ वटा भौतिक पूर्वाधार) कार्यान्वयनका लागि सम्झौता गरिएका छन् । कार्यक्रम सुरु भए यता जिल्लामा कुल ५०६ सामुदायिक संस्थाअन्तर्गत ५८२ आयआर्जन तथा भौतिक पूर्वाधार सम्बन्धी सह–परियोजनाहरु सञ्चालित छन । आयआर्जन अन्तर्गत कृषि, पशुपालन, लघुउद्यम, व्यापारमा लगानी भएको छ । आव ०६८/६९ सम्ममा १९६ वटा भौतिक पूर्वाधार निर्माणका लागि समझौता भएकोमा १६१ वटा सम्पन्न भइसकेका छन् । सामुदायिक भौतिक पूर्वाधार अन्तर्गत खानेपानी, लघुजलविद्युत, विद्यालय भवन, यान्त्रिक पुल, सामुदायिक भवन, सूचना प्रविधि तथा सञ्चार एवं सिँचाईमा सहयोग भएको छ । यी क्रियाकलापबाट १२,७१५ घरधुरीका करिब ७०,२०० सदस्य प्रत्यक्ष लाभान्वित भएका छन् ।

लघु जलविद्युतले दुर्गम बस्तिमा उज्यालो पुगेको छ । यसले केटाकेटीहरुलाई पढ्न प्रोत्साहीत गरिरहेको छ, मट्टिलेतलमा हुने खर्च ५०ह्ा कम भएको छ । गरिब समुदायका केटाकेटीहरु स्कूल जाने वातावरण बनेको छ । आर्थिक अभावमा चलिरहेका विद्यालयहरुमा कम्युटर शिक्षा तथा कम्प्युटरबाट गरिने अन्य क्रियाकलापबाट आयआर्जनमा वृद्धिमा सहयोग पुगेको छ ।

समुदायमा भएको लगानीको दिगोपन सुनिश्चित गर्ने उद्देश्यले क्षमता विकासलाई पनि कोषले प्राथमिकतामा राख्दै आएको छ । सहयोगी संस्थामार्फत सामुदायिक संस्थाको प्रमुख पदाधिकारीहरुको लागि नेतृत्व विकास, लेखा व्यवस्थापन, संस्थागत विकास, चक्रकोष व्यवस्थापन, बचत तथा ऋण परिचालन, सह–परियोजना छनौट तथा प्रस्ताव लेखन तालिम जस्ता संस्था सञ्चालन सम्बन्धी तालिम दिइएको छ । व्यवसाय विकासका लागि बाख्रापालन, बगुरपालन, तरकारी तथा फलफुल खेति सम्बन्धि तालिमहरु र अन्य सिप विकाससँग सम्बन्धित तालिमहरु समेत सञ्चालन गरिएका छन् ।

सामुदायिक संस्थाको दीगोपनको प्रमुख आधार भनेकै उनीहरुलाई कोषले उपलब्ध गराएको घुम्ती कोष हो । कोषले समुदायलाई उपलव्ध गराएको कुल ९ करोडमा ब्याज वापत २५ लाख आम्दानी भई घुम्ती कोषमा ९ करोड २५ लाख रुपैया जम्मा भएकोछ । सामुदायिक संस्थाहरुले गाविस स्तरीय १८ वटा सञ्जाल निर्माण गरेका छन् भने सामुदायिक सस्थाहरुको २३ वटा महासंघ गठन भएको छ ।

गरिबी निवारण कोषले नियमित रुपमा कार्यक्रम कार्यन्वयनको अनुगमन गर्दछ । सहयोगी संस्थाले आफ्नो कार्यक्षेत्र भित्रका कार्यक्रमको अनुगमन तथा मूल्यांकनको लागि जिल्लास्थित सबै सरोकारवाला निकायहरु जिविस, विषयगत कार्यालय, राजनीतिक दलका प्रतिनिधि, पत्रकारहरुको संयुक्त टोलिबाट अनुगमन तथा मूल्यांकन कार्य समीक्षा वर्षमा सम्पन्न भएको छ । धेरैजसो गाविसमा राजनीतिक दलका स्थानीय प्रतिनिधि, सरोकारवाला संस्थाका प्रतिनिधि तथा गाविस सचिवहरुद्वारा अनुगमन तथा मूल्यांकन हुने गरेको छ ।

जिल्लामा गत वर्ष ९ वटा सामुदायिक सस्थाको एक सामाजिक विश्लेषण अध्ययन भएको थियो । अध्ययनले लाभान्वित घरधुरीको औसत आयमा ४८ प्रतिशतले वृद्धि भएको देखाएको छ । यसैगरी सामुदायिक संस्थामा आवद्ध हुनुअघि खर्च टार्न गाउँकै साहुमहाजनबाट वार्षिक १५–२५% दरको व्याजमा ऋण लिने लाभग्राहीले त्यस्तो ऋण लिन छोडेर सामुदायिक संस्थाबाट लिन थालेका छन् । जिल्लाभर निर्माण भएका विभिन्न भौतिक पूर्वाधारले स्थानीय स्तरमा रोजगारीको सिर्जना गर्नुका साथै आवश्यक सामाजिक पुँजीको विकास गरेको छ ।

| शिषंक | | संख्या र रकम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| सामुदायिक संस्था | सामुदायिक संस्था गठन | आ.व. ०६८/६९ | | हालसम्मको जम्मा | | |
| | | संख्या | रकम | संख्या | रकम | |
| | कोषमा दर्ता | ५४ | | ५०६ | | |
| | सामुदायिक संस्था सञ्जाल | ५ | | २३ | | समुदायको योगदान |
| कोषको लगानी | सहपरियोजना सम्झौता | ११४ | ५७०१३५३६ | ५८२ | ३०२२८३६५४ | १५०८३०५७२ जम्मा |
| | आयआर्जन | ८९ | २५८९८४९० | ३८६ | ११८३२८७२४ | १३२८८५६१ नगद |
| | भौतिक पूर्वाधार | २५ | ३१११५०४६ | १९६ | १८३९५४९३० | ७५५४६४०९ जिन्सी |
| सहयोगी संस्था | | १० | | | | ६१९९५६१२ अन्य |
| कार्यक्रम पुगेका गाविस | | ४७ | | | | १ नगरपालिकासहित जम्मा गाविस ४७ |
| सामुदायिक संस्थामा आवद्ध घरधुरी | | | | | प्रतिशत | गरिबी वर्गिकरण |
| जम्मा | | १२७१५ | | | १००.०० | आफ्नै उब्जनी वा नियमित आयबाट |
| गरिबी वर्गिकरण | अति गरिब (क) | ९१५७ | | | ७२.०२० | ३ ≤ महिना खानपुग्ने |
| | मध्यम गरिब (ख) | ३०४१ | | | २३.९२ | ६ ≤ महिना खानपुग्ने |
| | गरिब (ग) | ५१० | | | ४.०१ | १२ ≤ महिना खानपुग्ने |
| लिंगका आधारमा | महिला | ८७२० | | | ६८.५८ | |
| | पुरुष | ३९९५ | | | ३१.४२ | |
| जातिगत आधारमा | दलित | ४४३१ | | | ३४.८५ | |
| | जनजाति | १६ | | | ०.१३ | |
| | अन्य | ८२६८ | | | ६५.०३६ | |

# गरिबी निवारणका कार्यनीति र समस्याहरू

*–डा. मोहनमान सैंजु*

आवधिक योजनादेखि नै नेपालमा गरिबी निवारणलाई प्राथमिकता दिइए पनि हालसम्म नेपालले यसमा सफलता हात पार्न सकेको छैन । विकास कार्यक्रम प्रभावित भएको बखत कम महत्वमा गरिबी निवारण कार्यक्रम परे पनि अरु बेला भने बढी नै महत्व पाइरहेको छ । पहिलो, तेस्रो, पाँचौ, नवौं पञ्चवर्षीय योजनासम्म गरिबी निवारण कार्यक्रमलाई नै प्रमुखता दिइएकोमा दशौं पञ्चवर्षीय योजनामा आएर अझ गरिबी निवारणसम्बन्धी रणनीति नै तयार गरियो ।

रणनीति बनाएर गरिबी निवारण गर्ने योजना अगाडि सारिए पनि अत्यन्त गरिब समक्ष कार्यक्रम पुग्न भने सकेन । दशौं योजनासम्म आउँदा पनि राज्यले गरिब सम्बन्धी स्पष्ट परिभाषा दिएर गरिब छुट्याउन सकेन । त्यसैले पनि कार्यक्रम नीतिअनुरुप सही ठाउँमा साधन परेको छैन । त्यसैले पनि गरिबी निवारण कोष आएको हो । कोषले गरिबलाई परिभाषित गरेर उनीहरुमाथि कार्यक्रम केन्द्रित गऱ्यो । गरिबको पहिचान गरेर दलित, जनजाति र महिला वर्गलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गरियो । केन्द्रीय तथ्यांक विभागले गरेको सर्भेमा नेपालमा दलित, महिला र जनजाति बढी गरिब रहेको पाइयो । ती वर्गलाई गरिबी निवारण कोषले लक्षित वर्ग मानेर कार्यक्रम सञ्चालन गरिरहेको छ । हुन त ग्रामीण क्षेत्र मात्र नभई शहरी क्षेत्रमा पनि गरिबी बढेर गएको छ । बढ्दो शहरीकरणले गर्दा रोजगारी पाउन नसकेर गरिबीको कुचक्रमा फसेका धेरै छन् । अरु जातिजस्तै मुस्लिम, बाहुमण पनि गरिबीको रेखामुनि छन् ।

गरिबले पाउने र गैरसरकारी संस्थाले दिने हुँदा गरिबमा आश गर्ने प्रवृत्ति बढेको छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमा केन्द्रिकृत भूमिका नहुने, कार्यक्रम नआएपछि त्यसको स्वामित्वसमेत नहुने प्रवृत्ति देखियो । जनता विकासे संस्थालाई यस्तो गर्न मात्र यिनीहरु आएका हुन् मात्र भन्ने थाले तर गरिबी निवारण कोषले काम गरेपछि गरिबको समुदायबाटै कार्यक्रम आउनुपर्ने र उसले नै प्रमुख भूमिका र स्वामित्व लिने काम गऱ्यो । कार्यक्रमको माग गर्न साथै त्यसमा पूर्ण स्वामित्व पनि उनीहरुले पाए । प्राथमिक कुरा यी हुन् भन्ने कुरा पहिल्याइयो । प्राथमिकता निर्धारण र सञ्चालन आफैंले गर्नेसम्मका काम उनीहरुबाट भएको छ ।

विगतका अनुभवबाट पनि गरिबलाई छुट्याएको रकम त्यसै हराएर जाने र भ्रष्ट्राचार वा अरु कुनै कारणले उनीहरुसमक्ष नपुग्ने रोग नै देखा पऱ्यो । छुट्याइएको ८५ प्रतिशत रकम गरिबले पाउन नसकेको देखियो । त्यसैले गरिबी निवारणका लागि सोझै रकम छुट्याउनुपर्ने र हिसाबकिताब राख्ने काम गैरसरकारी संस्थामार्फत गरियो । यसरी कार्यक्रम र रकम गरिबसम्म पुग्न र त्यसमा स्वामित्व आफ्नो हुन सक्यो । त्यसैले पनि माओवादी द्वन्द्वको उत्कर्षमा समेत गरिबी निवारण कोषको कार्यक्रम प्रभावित भएन । समुदायमा आधारित र वास्तविक गरिबका लागि सञ्चालन भएको भनेर माओवादीले समेत त्यो बेला काम गर्न रोकेन । विश्व बैंकले समेत गरिबी निवारण कोषको कामलाई प्रभावकारी रहेको भन्दै कोषमा रकम वृद्धि गरिरहेको छ । छ जिल्लाबाट सुरु भएको कार्यक्रम अहिले ४० जिल्लामा पुगेको छ । विश्व बैंकले अनुदानमा रकम उपलब्ध गराएकोले नेपालीहरु ऋणको बोझमा पनि परेका छैनन् ।

विकासका पूर्वाधार निर्माणदेखि स्वास्थ्य शिक्षामा गरिब समुदायसम्म पुगेकाले विश्व बैंकले सहायता बढाउँदै लगेको छ । उत्पादित वस्तु बजारसम्म पुऱ्याउन पनि सहयोग पुगेको छ । गरिबी निवारण कार्यक्रम प्रभावकारी बनेको प्रमाणको रुपमा जीवनस्तर सर्वेबाट नै पुष्टि हुन्छ । ४२ प्रतिशत जनता गरिबीको रेखामुनि रहेकोमा ३१ प्रतिशतमा झऱ्यो । अहिले गरिबी २५ प्रतिशतमा झरेको छ । गरिबी निवारण कोषको कार्यक्रमबाट गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तरमा सुधार आएको छ । गरिबीको प्रतिशत घटे पनि गरिब र धनीबीचको खाडल झन् बढ्दो छ । शहर र गाउँबीचमा गरिबको दूरी बढेको छ । शहरी गरिब बढेका छन् । त्यसैले गरिबी निवारणका नीति वा योजना गरिबलाई ऋण सुविधा होइन, सामाजिक परिचालन गरी सम्पत्तिमा पनि पहुँच पुऱ्याउनु पर्छ । भूमिसुधारका कार्यक्रम ल्याएर भएरे पनि जग्गा र अरु सम्पत्तिमा उनीहरुको स्वामित्व हुनुपर्छ । नेपालमा ज्यादै कम प्रतिशत मानिसले ज्यादै धेरै जग्गा ओगटेका छन् । सरकारी प्राधिकरण वा कम्पनी र बैंकमा पाँचदेखि १० प्रतिशत सेयर बाँड्न सकियो भने पनि स्वामित्वमा विकेन्द्रीकरण हुने हुन्छ । त्यसतिर पनि ध्यान दिनु जरुरी देखिन्छ ।

उदार आर्थिक नीति र अर्थतन्त्र अपनाएपछि निजी क्षेत्रले त्यसको अवसर पाए तर गरिबले केही पाउन सकेनन् । सिमान्तकृत र किसानले के फाइदा पाउन सक्दछन् र उनीहरुलाई प्रविधिसँग कसरी जोड्न सकिन्छ, त्यो पाटोलाई पनि ध्यान नदिईकन गरिबी निवारणमा सफल हुन सकिन्न । गरिब र धनीबीचको खाडल बढे पनि हामी अब अल्मलिन पर्दैन । हाम्रै अनुभव काफी छ । गरिबी निवारणका नीतिलाई अब कसरी प्रभावकारीरुपमा कार्यान्वयन गर्ने भन्ने चुनौती छ । नीतिगतरुपले धेरै महत्वका साथ गरिबी निवारणका विषयलाई उठाउने तर कार्यनीतिमा भने समस्या देखिने यो पहिलेदेखिको रोग हो । प्रविधि, सहभागिता र अरु कुरालाई योजनामा राख्दै अगाडि बढ्न नसक्दा उपलब्धि हुन नसकेको हो । योजना तर्जुमा पनि त्यो कुरा ल्याउन सकेनौ । नयाँ आयोजनाबाट नकारात्मक असर गरिबलाई के पर्छ भन्ने सोचिएन । ठूला आयोजना निर्माण गर्दा गरिबलाई के फाइदा पुग्छ र कस्ता कार्यक्रम ल्याउनुपर्छ भनेर ध्यान दिन सकेमा मात्र त्यो योजनाले गरिबलाई छुन सक्छ । ठूला आयोजना निर्माण गर्दा नीतिमा यस्ता कुरा उल्लेख भए पनि कार्यान्वयन भने हुन सकिरहेको छैन ।

**रणनीति बनाएर गरिबी निवारण गर्ने योजना अगाडि सारिए पनि अत्यन्त गरिब समक्ष कार्यक्रम पुग्न भने सकेन । दशौं योजनासम्म आउँदा पनि राज्यले गरिब सम्बन्धी स्पष्ट परिभाषा दिएर गरिब छुट्याउन सकेन ।**

हाम्रो आर्थिक वृद्धि ५ देखि ६ प्रतिशतको हाराहारीमा छ । हामी दक्षिण एसियाका अन्य देशको तुलनामा निकै पछाडि छौं । भारत, श्रीलंका, बंगलादेश पहिले निकै पछाडि थिए तर अहिले हामीभन्दा निकै अगाडि आएका छन् । हाम्रो आर्थिक विकास स्थिर र अपूर्ण छ । तर नेपालले लिएको गरिबीविरुद्धको रणनीति भने आशाजनक छ । बिमस्टेक सम्मेलनले गरिबी निवारण कोषले चालेका कार्यक्रमलाई निकै चाखका रुपमा लियो । सम्मेलनले गरिबीविरुद्ध काठमाडौं घोषणापत्रसमेत जारी गऱ्यो तर वास्तविक चित्र हेर्दा भने हामी निकै तलै छौं । देशका अधिकांश

बाँकी पेज ७ मा .......

## सफलताको कथा

# धानको भुसबाट विद्युत् उत्पादन

खेर गइरहेको धानको भुसबाट विद्युत् उत्पादन गर्ने परियोजनाको परीक्षण सफल भएको छ । जगरनाथपुरका महिलाको प्रयासमा हालै यो परियोजना सुरु भएको हो । ग्यासिफायर नाम दिइएको परियोजना महिलाहरुले सञ्चालन गरेका छन् ।

गरिबी निवारण कोष र जिविसको सहयोगमा परियोजना पूरा गरेर गाविसलाई झिलिमिली पारेको समितिकी अध्यक्ष अमरावती देवीले बताइन् । विद्युत् उत्पादज गर्न प्रतिघन्टा ५० किलो भुसे आवश्यक पर्छ ।

भुसको ठाँउमा खर, पराल हालेर पनि प्लान्ट सञ्चालन गर्न सकिन्छ । परियोजनालाई गरिबी निवारण कोषले ४० लाख ६६ हजार रुपैयाँ सहयोग गरेको थियो । परियोजना निर्माण गर्न ५१ लाख रुपैयाँ खर्च भएको छ । सामुदायिक संस्थामा आबद्ध महिलाहरुले २ लाख रुपैयाँ बराबरको श्रमदान गरेका थिए ।

परियोजनाबाट ५ वडाका ४ सय ८५ घरधुरी सस्तो दरमा विद्युत् उपभोग गर्न पाएका छन् । ४० केभीए विद्युत् उत्पादन क्षमता रहेको प्लान्टले साढे पाँच किलोमिटर आसपासका करिब ६ सय घरधुरीलाई विद्युत् आपूर्ति गर्ने जनाएको छ ।



– कान्तिपुर दैनिकबाट साभार

# गरे के हुदैन ?

चित्रांग थापा

मुक्त भएको दशकपछि उनी स्वतन्त्र र मालिक बनेको अनुभव गर्न थालेका छन् । आफ्नै घरवास, सानोतिनो व्यवसाय अनि खटनपटन पनि आफूले नै गर्न पाएपछि मुक्त कमैया केशव डगौराले घरकै मात्र भए पनि मालिक भएको बताए ।

"४ कठ्ठा भए पनि सरकारले दिएको जग्गामा खेतीपाती गर्दै आफ्नैले रोजेको सानोतिनो व्यवसाय गरेको छु," कञ्चनपुरको झलारी ७ मुक्त कमैया शिविरका ३६ वर्षीय केशवले भने, "ऋण लिएर बंगुरपालनबाट व्यवसाय सुरु गरेको हुँ, अहिले सानो कुटानी र पिसानी गर्ने मिल मालिक भएको छु ।" झलारी बजारबाट पिपलाडी जाने सडक किनारको कमैया बस्तीका केशव गरिबी निवारण कार्यक्रमको समूहका अगुवा पनि हुन् ।

कञ्चनपुरमा मुक्त कमैया परिवार र विपन्न दलित समुदायलाई लक्ष्य गरी आय आर्जनका माध्यमबाट गरिबी न्यूनीकरण गर्न गरिबी निवारण कोषको कार्यक्रम सुरु भएपछि केशवजस्ता मुक्त कमैयाहरुले आफ्नो रोजाइको व्यवसायमा संलग्न हुने अवसर पाएका हुन् । "सुरुमा बंगुर पालनका लागि कोषबाट २५ हजार ऋण लिएर काम गर्दै जाँदा अहिले टुकटुकेबाट बिजुलीको मोटर जडान गरेको सानो कुटानी र पिसानीको मिल सञ्चालन गरेको छु," उनले भने ।

> "ऋण लिएर बंगुरपालनबाट व्यवसाय सुरु गरेको हुँ, अहिले सानो कुटानी र पिसानी गर्ने मिल मालिक भएको छु ।"

उनले बंगुरका लागि लिएको २५ हजार बुझाएर टुकटुके मिलका लागि ५० हजार ऋण लिए । "५० हजार पनि बुझाएर अहिलेको मिल चलाउन १ लाख लिएको हुँ," उनले भने, "अब सेलर मिल चलाउन थप ऋण लिने योजना बनाएको छु ।" दैनिक ३ देखि ६ क्विन्टल धान र गहुँ कुटानी र पिसानी गर्दा ऋणको किस्ता, ब्याज बुझाएर र घरखर्च समेत चलाएर केही बचत पनि भएको उनले बताए ।

जिल्लामा गरिबी निवारण कोषले सहयोगी संस्थाका रुपमा स्थानीय गैरसरकारी संस्था नेपाल राष्ट्रिय समाज कल्याण संघ मार्फत गरिबी न्यूनीकरणको कार्यक्रम सञ्चालन गरेको हो ।

"जिल्लाका १९ मध्ये ७ गाविसका ३ हजार ५ सय ७४ घरधुरीका १९ हजार ८ सय ४८ जनसंख्या गरिबी निवारण कार्यक्रममा आबद्ध भएका छन्," कार्यक्रम संयोजक टेक बुढाले भने, "कार्यक्रममा अधिकांश १३ हजार ७ सय ४२ परिवार थारु समुदायका मुक्त कमैया र ४ हजार ३ सय १९ दलित रहेका छन् ।"

कोषले जिल्लामा गरिबी न्यूनीकरण कार्यक्रमका लागि सहयोगी संस्था एनएनएसडब्लुए मार्फत ४ करोड ६० लाख बिउ पुँजी उपलब्ध गराएको हो ।

समुदायमा नेतृत्व विकास, क्षमता विकास जस्ता तालिमसँगै पशुपालन, तरकारी खेतीदेखि मिल सञ्चालनसम्म समूहमार्फत लगानी भइरहेको बुढाले बताए । कार्यक्रमका लागि पहिलो चरणमा

# बाटोले गाउँमै रोजगारी



कोचिबाङ गाविस कुसुन्डेका सर्वसाधारण धोबाघाट-कोचाबाङ सडक निर्माण गर्न जुटेका छन् । महिलासहित यहाँका गाउँले गैंची, साबेल तथा कोदालो लिएर बिहान सबेरैदेखि साँझ अबेरसम्म ट्र्याक खोल्न लागिरहेका हुन्छन ।

उनीहरुलाई औसतमा प्रति व्यक्ति दैनिक ज्याला ३ सय रुपैयाँ दिइएको छ । स्वर्गद्वारी जोड्ने यो ३८ किलोमिटर बाटो बनाउन गरिबी निवारण कोषले ३२ लाख रुपैयाँ उपलब्ध गराएको छ । "यो पैसा हामी काम गर्ने सबैले ज्यालाका रुपमा बाँडेर लिनेछौं," स्थानीयबासी मानबहादुर बैजालीले भने ।

बाटो निर्माणका लागि अग्रसर लालुपाते सामुदायिक संस्थाका अध्यक्ष बलबहादुर ठेडीले डेढ वर्षभित्र निर्माण सम्पन्न हुने जानकारी दिए । उनका अनुसार हाल १५ दिनमा ४ किलोमिटरका दरले ट्र्याक खोल्ने काम भइरहेको छ ।

बाटो निर्माणबाट रोजगारी अवसर सिर्जना हुँदा कतिपयले कामका लागि भारत जाने योजना त्यागेका छन् भने गएका पनि फर्किएर बाटो बनाउन लागेका छन् । "गाउँमै काम पाएपछि विदेश गइरहनु पर्दैन," स्थानीय लोकबहादुर बैजाली र वीरबहादुर बैजालीले भने । यी दुवैले भारत जाने योजना त्यागेका छन् ।

पेज ५ बाट बाँकी .......

जनता अझ पनि भोकमरी खेप्न बाध्य छन् । राज्यले सहुलियत रुपमा खाद्यान्न पुऱ्याउन बाध्य छ । सरकारले ४० देखी ५० करोड खर्च गरी दुर्गम भेगमा खाद्यान्न आपूर्ति गर्दछ । उत्पादनमा खास ध्यान दिएकै छैनौ । माग र आपूर्तिबीच तालमृल छैन । खाद्यान्नमा बढ्दो महँगीले गर्दा सबैको जीवनस्तरमा नराम्रो प्रभाव पारिरहेको छ ।

प्रविधि र सञ्चारको विकासले मानिसको आवश्यकता र आकांक्षा बढाएको छ तर उत्पादन र आम्दानी नबढ्दा समाजमा धेरै नकारात्मक कुरा पनि घटिरहेका छन् । नेपालमा बेरोजगारी बढेको छ । स्थानीय तहमा गरिबी निवारणका कार्यक्रममार्फत स्वामित्व बढेर आयआर्जन बढे पनि शिक्षित र मध्यवर्गीय युवाहरु आम्दानी नपाएर समस्या भोगिरहेका छन् । उनीहरुलाई उपयुक्त रोजगार दिन राज्यले सकिरहेको छैन । विकासतर्फ छुट्याएको रकम खर्च नभएको अहिलेको स्थितिले गरिबी निवारणका कार्यक्रम र योजना त्यसै कुण्ठित भएर जाने सम्भावना बढेर गएको छ । स्रोत र साधनका हिसाबले रोजगारी सिर्जना हुने प्रशस्त सम्भावना नेपालमा देखिन्छ । हिमाली क्षेत्रका जडीबुटीहरु उपयोगमा ल्याउन सकिएको छैन ।

नेपालमा सबै खालका उत्पादन हुन सक्ने भौगोलिक वातावरणलाई हामीले उपयोग गर्न सकिरहेका छैनौं । विकास कार्यक्रमलाई रोजगारमुखी बनाउन सकिरहेका छैनौं । यसमा सरकारले नै भूमिका खेल्नुपर्छ । निजी क्षेत्रको माध्यमबाट साना तथा मझौला उद्योगघन्दा बढाएर लैजान सके रोजगारी बढ्छ । निजी क्षेत्रले नै रोजगारी दिन सक्छ । स्वास्थ्य र शिक्षा क्षेत्रमा अहिले निजी क्षेत्रले निकै विकास गरेको छ । साथै, हजारौले रोजगारी पाइरहेका छन् । यी क्षेत्रमा जनशक्तिको पनि राम्रो विकास भइरहेको छ । निजी क्षेत्रको सीप, पुँजी र जाँगरलाई उपयोग गर्न सके लगानी बढेर रोजगारी बढ्छ । कुटिर उद्योगमार्फत पनि हजारौं रोजगारी सिर्जना भइरहेको छ । अन्त यसलाई उद्योगका रुपमा विकास गरी निकासी गर्न सक्यो भने अझ रोजगारी सिर्जना हुन सक्छ ।

नेपालको पूर्वाधारको विकास क्षेत्रमा विद्युत, सडक आदिले रोजगारी दिन सक्छ । त्यसमा राज्यले पहल गर्नुपर्छ तर बढ्दो लोडसेडिङले धेरै रोजगारी क्षेत्र गुमिरहेको छ । रेमिट्यान्स अर्बौ रुपैयाँ पनि त्यसको उपयोग उत्पादन क्षेत्रमा निकै कम देखिन्छ । गरिबी निवारणका कुरा तीन/चार दशकअगाडिदेखि गर्दै आए पनि त्यसमा सफलता हासिल गर्न सकिरहेका छैनौं । सहसम्राब्दी विकास लक्ष्यअनुसार प्रतिदिन एक डलर आम्दानी गर्ने गरिबीको गणना गरिएको छ, तर त्यो बाह्र वर्षअगाडिको मापन अहिले व्यावहारिक देखिन्न । अहिले कम्तीमा १२५ डलर आम्दानी गर्नेलाई गरिबभित्र राखिएको छ । अक्सफोर्ड विश्वविद्यालयले हालै गरेको एक अनुसन्धानले नेपालमा ६५ प्रतिशत गरिब रहेको तथ्यांक बाहिर ल्याएको छ । उनीहरुले धेरै फराकिलो दायराबाट अनुसन्धान गरी त्यो तथ्यांक बाहिर ल्याएका हुन् ।

– आर्थिक दैनिकबाट साभार

पेज ६ बाट बाँकी .......

सीपअनुसारको लगानी गरिएको छ । दोस्रो चरणदेखि पकेट कार्यक्रमलाई प्राथमिकता दिइएको बुढा बताउँछन् ।

अधिकांश मुक्त कमैयाको सीप भनेको कृषि पेसा नै हो । केशवको जस्तो मिल सञ्चालन मात्र होइन, विभिन्न ठाउँबाट सीप विकासको तालिम लिएका उनीहरुले साइकल, मोटरसाइकल मर्मत तथा बगरमा तरकारी खेती गरेर राम्रै आय आर्जन गरिरहेको बुढाले बताए ।

गरिबी निवारण कार्यक्रममा आबद्ध भएका उनीहरुको संस्थागत विकासका लागि विभिन्न समूहलाई पायक पर्ने गरी सहकारी संस्था स्थापना भइसकेको बुढाले बताए । "ऋण बचत जस्ता सबै काम सहकारी संस्थामार्फत हुने गरेको छ ।"

पकेट कार्यक्रमको राम्रो नतिजा देखिन थालेको छ, बुढाले भने, "यस वर्ष नौखुरी शिविरमा २ सय ३९ कठ्ठामा आलु खेती गरिएको हो ।"

आलुमा ६ लाख ६६ हजार लगानी गरियो, ११ लाख ८२ हजार नाफा भयो । गरिबी निवारण कार्यक्रमको सहयोग संस्था नोल राष्ट्रिय समाज कल्याण संघले कार्यक्रमलाई निरन्तरता दिने र विस्तार गर्नेबारे योजना तर्जुमा गरिरहेको छ । "केही वर्ष अझै कार्यक्रमलाई निरन्तरता दिन सकेमा जिल्लाका बाँकी मुक्त कमैयालाई पनि कार्यक्रममा समेट्न सकिने र हाल कार्यक्रममा संलग्न भएकाहरु झनै सबल हुने देखिएको छ," बुढाले भने ।

– कान्तिपुर दैनिकबाट साभार

# पीओ/सीओ कुना

गरिबी निवारण कोषले स्थानीय समुदायको आर्थिक तथा सामाजिक रुपान्तरणमा जुन सफलता हासिल गरेको छ, त्यसको सम्पूर्ण श्रेय यसका कर्मठ र लगनशील सामाजिक परिचालकहरु लाई जान्छ । बिहानदेखि बेलुकीसम्म गाउँगाउँमा खटिएर स्थानीय बासिन्दालाई संगठित गराउँदै कोषका कार्यक्रम तथा अवधारणालाई स्थानीय स्तरमा कार्यान्वयन गराउने अभिभारा उनीहरुकै काँधमा छ । जीविकाको यो स्तम्भमा हामीले तिनै सामाजिक परिचालकहरुको अनुभव समेट्दै जाने उद्देश्य लिएका छौं ।

## सीप सिकाउँदा खुशी

पार्वती मल्लले बालिनाली लगायतमा लाग्ने रोगकिरा आदिको आर्थिक तथा पर्यावरणीय हिसाबले उचित उपचार खोज्ने विधि-एकिकृत किटनाशक व्यवस्थापन (आइपिएम) बारे सुदुर गाउँका किसानलाई सिकाउदै हिड्न थालेको तीन वर्षभन्दा बढी भइसकेको छ । लघुउद्यम, खेतीपाती, पशुपालनलगायतका आयआर्जन गतिविधिमा संलग्न भई आफ्नो जीविकोपार्जनमा सुधार ल्याउन खोजेका विपन्न गाँउलेलाई आफुले जानेको सीप सिकाउन पाउँदा बझाङ बाझ गाविसकी यी उत्साही पार्वती खुशी छन् ।

गाउँमै विद्यालय तहको अध्ययन पुरा गरेकी उनले त्यसपछिको पढाइका लागि दुई घण्टा टाढाको सुनकडा गाविसस्थित क्याम्पस धाउनु परेको थियो । "क्याम्पस टाढा भएकाले मैले पढाइलाई सजिलो गरी अगाडि बढाउन सकिन," उनले भनिन् । शिक्षा विषय लिएर प्रमाणपत्र तहको अध्ययन पुरा गरेपछि उनको सम्पर्क सामाजिक क्षेत्रमा कार्यरत अग्रजहरुसँग हुन पुग्यो । केही समय उनले सामाजिक परिचालकका रुपमा काम गरिन । यसै क्रममा उनले नौं महिने आइपिएम तालिम लिने अवसर पाइन् ।

"मेरो रुचि पनि सामाजिक क्षेत्रमा काम गर्ने थियो," उनले भनिन, "परिवारको पनि सहयोग भएकाले यसलाई निरन्तरता दिइरहेकी छु ।" हालसम्म उनले दार्चुला जिल्लाका १० र बझाङका



१५ सामुदायिक संस्थामा आवद्ध सदस्यहरुलाई आइपिएम तालिम दिइसकेकी छन् ।

सीमान्तकृत, दलित, जनजाती, महिलालाई केन्द्रमा राखेर सञ्चालन गरिएको गरिबी निवारण कोषको कार्यक्रमको सिलसिलामा गाउँहरुमा जाँदा धेरै आशालाग्दा तस्बिर देखेको उनी बताउँछीन । "महिलाहरु धेरै सचेत भइसकेका छन्, उनले भनिन, "समुदायमा जाँदा उनीहरु मलाई आफ्नै छोरी जस्तो मानेर प्रोत्साहीत गर्छन ।"

अर्काको घरमा काम गरेर जीविका चलाउनेदेखि मागेर खान वाध्य घरपरिवार कोषको कार्यक्रम लागु भएयता कम्तिमा खाद्यान्न पर्याप्तताको दृष्टिले आत्मनिर्भर हुनुलाई उनले महत्वपूर्ण उपलब्धीका रुपमा लिएकी छन् । "आयआर्जन गतिविधि सञ्चालन गर्न सामुदायिक संस्थाबाट लिएको ऋणबाट आफ्नो गर्जो टारेर साँवा ब्याज तिर्नसक्ने अवस्थामा पुग्नुलाई सकारात्मक रुपमा लिनुपर्छ," उनले भनिन् । गरिबी निवारणको यो प्रयासलाई अझ गहिऱ्याएर लैजानुपर्ने आवश्यकता उनले देखेकी छन् । "अहिले हामी किसानलाई विभिन्न तालिम दिन्छौ तर त्यसलाई कार्यान्वयनमा ल्याउन आवश्यक सामग्री पर्याप्त मात्रामा पुऱ्याउन सकिएको छैन," उनले भनिन् ।

तालिम र त्यसलाई कार्यान्वयनमा ल्याउने क्रममा देखा परेको यो अन्तरलाई कम गर्ने पहल भएमा कोषको कार्यक्रम अझै प्रभावकारी हुने उनको ठहर छ ।

## गरिबका सहयोगी भुवन

ऐतिहासिक महत्वको कोट रहेको मेलबिसौना गाविसका नौं वटा वडामा गठित १८ सामुदायिक संस्थासँग निरन्तर सम्पर्कमा रहेर साप्रोस नेपालका सामाजिक परिचालक भुवन बहादुर सार्की गरिबको हितमा काम गरिरहेका छन् । गरिबी निवारण कोषको कार्यक्रममा आवद्ध ती सामुदायिक संस्थामा बाहुन, क्षेत्री, ठकुरी, दलितलगायतको ६ सय ४० मध्ये ५ सय घरधुरीलाइ समेटिएको छ । दंगाजी गाविसमा ५ सामुदायिक संस्थामा महासंघ बनाएर त्यसैमार्फत दुग्ध सहकारी संस्था स्थापना गर्नमा पनि भुवनले महत्वपूर्ण भूमिका खेलेका छन् ।

भुवन २०६२ सालदेखि सामाजिक सेवा क्षेत्रमा छन् । "०५१ सालमा एसएलसी पास गरेपनि आर्थिक समस्याले उच्च अध्ययन गर्न सकिन," उनले भने । गाउँकै विद्यालयमा पढाउन थालेका भुवन दलित उत्थान अभियानमा पनि सक्रिय भएर लागे ।



सामाजिक सेवा क्षेत्रमा लागेपछि समुदायमा घुलमिल हुन, गरिब दलितको हितमा काम गर्न पाएको भुवन बताउँछन । "यसलाई अवसरको रुपमा लिएको छु," उनले भने । समुदायलाई अघि सारेर गरिबी निवारण गर्ने कोष कार्यक्रमको ढाँचाप्रति भुवन निकै विश्वस्त छन् । कार्यक्रमबाट गरिबको उत्थान हुने भएकाले यसलाई जारी राख्नुपर्ने उनी बताउँछन् । "अन्यत्रबाट सहयोग तथा अवसर नपाएको अवस्थामा कोषको कार्यक्रमले निकै ठूलो राहत प्रदान गरिरहेको छ," उनले भने ।

लामो समय दलित तथा गरिबको क्षेत्रमा काम गरिसकेको भुवनले कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि यसमा केही सुधार हुनुपर्ने देखेका छन् । सामुदायिक संस्थाका अधिकाँश सदस्यले एकै किसिमका आयआर्जनका कार्यक्रम सञ्चालन गर्दा चुनौति थपिएको भुवन बताउँछन् । कार्यक्रममा आएको दोहोरोपन बारे केन्द्रसम्म जानकारी गराइएको र समुदायले पनि यसलाई स्वीकारेको उनले बताए ।

कार्यक्रमहरु खण्डित रुपमा आएकाले पनि लाभग्राहीले अपेक्षा गरे अनुसारको प्रतिफल पाउन समय लागेको उनले बताए । "उदाहरणका लागि खेती किसानीबाट गरिबको उत्थान गर्ने हो भने यसको लागि बिऊबिजन, सिचाइँ, मलखाद, यन्त्र-उपकरण, बजारसहितको प्याकेज कार्यक्रम ल्याउनुपर्छ," उनले भने । कच्चा पदार्थको अभाव र उत्पादित वस्तुले बजार पाउन नसक्दा जुत्ता सिलाईं तालिम प्रदान गरिए पनि यसले अपेक्षित नतिजा दिन नसकेको उदाहरण उनले प्रस्तुत गरे ।


हेर्नुहोस् कोषको साप्ताहिक टेलिभिजन कार्यक्रम
"परिवर्तन"
नेपाल टेलिभिजनमा
हरेक सोमबार बेलुकी
७:४५-८:०० बजेसम्म

अन्तर्वार्ता

# गरिबीलाई पुनर्परिभाषित गर्ने कार्यमा लागिरहेका छौं

*– जनकराज जोशी, उपाध्यक्ष, गरिबी निवारण कोष*



२०१७ सालमा तनहुँमा जन्मेका जनकराज जोशीले नेपाल सरकारको निजामति सेवामा २५ वर्ष बिताए । उनले शान्ति तथा पुनर्निर्माण, भौतिक योजना तथा निर्माण, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिव भएर नेतृत्वदायी भूमिका निर्वाह गरे । उनी त्रिभुवन विश्वविद्यालयबाट जीव विज्ञान र फिलिपिन्स विश्वविद्यालयबाट जनप्रशासनका स्नातकोत्तर हुन् । हबर्ट एच हम्फ्री फेलोसिप अन्तर्गत उनले अमेरिकाबाट जनप्रशासन र आर्थिक विकाससमेत अध्ययन गरेका छन् । हाल गरिबी निवारण कोषको उपाध्यक्ष रहेका उनी गरिबहरुलाई परिचयपत्र बाँड्न कम्मर कसेर लागेका छन् । गरिबी निवारण सम्बन्धी सबै कार्यक्रमलाई एउटै छाताभित्र ल्याउनुपर्छ भनेर काम गरिरहेका जोशीसँग आर्थिक अभियानका जनार्दन बराल र शशिकला हुमागाईले गरेको कुराकानीको सार :

**सरकार परिवर्तन भएसँगै गरिबी निवारण कोषको प्रमुख पनि फेरिने गरेको छ । यसले त सरकारी संस्थान र कोषबीच कुनै फरक देखिएन नि ? यो कोष त बेवारिसे पो देखियो ?**

गरिबी निवारण कोष बेवारिसे बनेको मैले कहिल्यै पाएको छैन । सरकारी कार्यक्रमहरु विकेन्द्रित हुन नसकेको सन्दर्भमा यो कोषको स्थापना भएको हो । त्यसबेला माओवादी द्वन्द्व चरम अवस्थामा थियो । सरकारी संयन्त्रबाट सञ्चालित कार्यक्रमहरु जिल्ला र गाउँहरुसम्म पुग्न सक्ने अवस्था थिएन । सरकारको विकास खर्च १७-१८ प्रतिशतभन्दा बढी हुन सकिरहेको थिएन । सरकार केन्द्र र सदरमुकाममा खुम्चन बाध्य थियो । त्यो अवस्थामा गरिबी निवारणका कार्य कसरी सञ्चालन गर्न सकिन्छ भनेर हामीले विश्व बैंकसँग छलफल गर्‍यौं । उसले सरकारी संयन्त्रबाट बाहिर रहेर काम गर्न सुझाव दियो । त्यसैअनुसार एउटा छुट्टै स्वायत्त संस्थाका रुपमा गरिबी निवारण कोषको स्थापना २०६० सालमा भयो । तर, त्यतिबेला र अहिलेको सन्दर्भ फरक छ ।

अहिले सरकार परिवर्तन भएसँगै यसको नेतृत्व पनि फेरिने गरेको देखिएको छ । यथार्थ के हो भने पहिलेका उपाध्यक्षहरुले सरकारको दबाबमा भन्दा पनि आफैले स्वस्फूर्त रुपमा राजीनामा दिनुभएको हो । त्यसैले यसलाई सार्वजनिक संस्थानसँग तुलना गर्नु उपयुक्त हुदैन । गरिबी निवारण कोषको ऐनले उपाध्यक्षको पदावधि ४ वर्षको हुने उल्लेख गरेको छ । मनोनित भएर आउनुभएका उपाध्यक्षहरु आफ्नो स्वेच्छाले छोड्नुहुन्छ भने त्यसलाई सरकारले हटाएको त भन्न मिल्दैन ।

**यो कोषको नेतृत्व लिने व्यक्ति गरिबी निवारणका क्षेत्रमा लामो अनुभव र विशेषज्ञता भएको हुनुपर्ने हो । तर, त्यसो नगरेर सरकारका पूर्वसचिवहरुलाई नियुक्ति दिने प्रचलन बसाइएको छ । यसले पनि त्यही सन्देश दिएको छैन र?**

कोषको सबैभन्दा पहिलो उपाध्यक्ष मोहनमान सैंजुले राष्ट्रिय योजना आयोगको उपाध्यक्ष भएर काम गरिसक्नुभएको थियो । त्यसपछि आउनुभएका डा.रामप्रकाश यादव गरिबी निवारणका क्षेत्रमा विशेषज्ञता भएको र अन्तर्राष्ट्रिय जगतमा पनि राम्रो चिनारी भएको व्यक्ति हुनुहुन्छ । उहाँले त्यसबेला "विनरक इन्टरनेसनल"को राष्ट्रिय निर्देशक भएरसमेत काम गरिसक्नुभएको थियो । त्यसपछिको उपाध्यक्ष अर्थ मन्त्रालयको सचिव भएर काम गर्नुभएको दिग्गज व्यक्तित्व हुनुहुन्छ । म पनि लामो समयसम्म नेपाल सरकारमा बसेर अवकाश पाएको व्यक्ति हुँ । सरकारी सेवाबाट निस्कने बेलामा म राष्ट्रिय योजना आयोगको सचिवको रुपमा थिएँ । बाहिर आएपछि म पनि अन्तर्राष्ट्रिय संघ-संस्थाहरुले पत्याएको व्यक्ति हुँ । अर्कातिर, गरिबी निवारण कोष ऐनले उपाध्यक्ष हुन राष्ट्रिय योजना आयोगको उपाध्यक्ष वा सदस्य तथा नेपाल सरकारको सचिव भएको हुनुपर्ने योग्यता निर्धारण गरेको छ । त्यसैले उपाध्यक्ष भएर को आयो भन्नेभन्दा पनि कस्तो सोच लिएर आयो भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

**विगतको तुलनामा गरिबी निवारण कोषको साख घटेको कुरा त स्वीकार्नुहुन्छ होला नि ?**

त्यो केही हदसम्म हो । यसको स्थापना हुँदा वा मोहनमान सैंजु उपाध्यक्ष हुँदा शाहीकाल थियो । त्यसबेला नेतृत्वमा स्थापित हुनका लागि खासै मेहनत गरिरहनु पर्दैन थियो । पदीय हिसाबले स्वतः विद्वान वा नेतृत्वकर्ता हुन पाइन्थ्यो । तर, अहिले पदीय विद्वानका रुपमा केही पनि रहन सक्दैन । यतिबेला नेतृत्व कसले लिन सक्छ र दिन सक्छ भन्ने कुरा सबैभन्दा महत्वपूर्ण हुन्छ । साखलाई स्थापित गर्ने कुरा व्यक्तिमा निर्भर हुने हो । अहिले नेतृत्वमा स्थापित हुनका लागि नयाँ काम गरेर देखाउनुपर्छ । गरिबी निवारण कोषको उपाध्यक्ष भएकाले मैले भनेको सबैले मान्नुपर्छ भन्ने मान्यताबाट माथि उठ्नुपर्छ । यो कुरा यहाँ पनि देखिएको होला ।

**कोषको भूमिका प्रभावकारी नभएकैले तपाईंले यहा सदाचार एकाइ गठन गर्नुभएको हो ?**

शुद्धता आफैबाट सुरु गर्नुपर्छ भन्ने मान्यताअनुरुप नै यसको गठन गरिएको हो । बाहिरी निकायले गल्ती औंल्याइदिनुभन्दा आफैबाट यो कामको सुरुआत गर्न लागेका हौं । मुख्यतया यसका तीन वटा उद्देश्य छन्- गरिबी निवारण कोषका कामहरु पारदर्शी रुपमा सञ्चालन गर्नु, उत्तरदायी बन्नु र बनाउनु, एवं कोषभित्र पर्ने अप्ठ्यारा परिस्थितिलाई सहजीकरण गर्नु ।

**आठ वर्षको अवधिमा कोषले सञ्चालन गरेका कार्यक्रमहरु कत्तिको प्रभावकारी भएका छन्? कोषकै कारणले कति प्रतिशत गरिबी घटेको छ?**

गरिबी निवारणकै अभियानमा धेरै संस्था लागिरहेका छन् । यस क्षेत्रमा प्रत्यक्ष रुपमा सरकारी स्तरबाट सञ्चालित कार्यक्रमहरुको संख्या नै १३ रहेको छ । यसैगरी, गैरसरकारी संस्थाहरुले पनि त्यत्तिकै काम गरिरहेका छन् । त्यसकारण गरिबी निवारण कोषले नेपालको गरिबी निवारणमा गरेको योगदानलाई संख्यामा भन्न सकिने स्थिति छैन । तथापि, यो कोष भनेको एउटा कार्यक्रम मात्र नभएर दर्शन पनि हो । नयाँ शिराबाट गरिबकहाँ कसरी पुग्ने भनेर यसले एउटा दर्शन दियो । उदाहरणका लागि सरकारले गरिबका लागि भनेर विनियोजन गरेको बजेट निरपेक्ष गरिबीको रेखामुनि भएका जनताको तहसम्म पुग्दा थोरैमात्र बाँकी रहन्थ्यो । गरिबी निवारण कोषले गरिबको नाउँमा विनियोजत सबै बजेट सीधै गरिबको खातामा लगेर जम्मा गरिदिने काम गर्‍यो । बीचका मध्यस्थकर्ताहरुलाई यसले समाप्त गर्न सक्यो । यसैगरी, अहिले हामीले सञ्चालन गरेको कार्यक्रममा जति घरधुरी समेटिएका छन्, तिनीहरुमध्ये औसतमा ५० प्रतिशत गरिबीको रेखाबाट माथि उठेको अवस्था छ । हामीले गरिबलाई ३ महिना खान पुग्ने, ६ महिना खान पुग्ने र ९ महिना खान पुग्ने गरी वर्गीकरण गरेका छौं । अहिले ती सबै वर्गका जनताको अवस्था एक तहमाथि गएको छ । हामीले र विश्व बैंकले नियमित कार्यक्रम रहेका ४० जिल्लाको प्रभाव मूल्यांकन गर्दा यस्तो अवस्था देखिएको हो ।

अहिले हाम्रा कार्यक्रम नियमित रुपमा ४० जिल्लामा सञ्चालित छन् । पकेट क्षेत्रका रुपमा थप १९ जिल्लामा कार्यक्रमहरु सञ्चालनमा छन् ।

**गरिबी निवारण कोषमा आउने रकम कनिका छरेजस्तो मात्र भएको भनिन्छ नि ?**

गरिबी निवारण कोष आएपछि गरिबी पूरै हट्नुपर्छ भन्ने खालको आदर्श कल्पना गरियो भने त्यो पूरा हुन सक्ने कुरा भएन । अपेक्षाअनुरुप यसले पनि काम गर्न नसकेको होला । तथापि, हामीले गरेका कामहरु कनिका छरेजस्तो भएको भन्ने कुरा मान्न म तयार छैन । कोषले विशेष गरी दुईओटा क्षेत्रलाई केन्द्रमा राखेर कार्यक्रम सञ्चालन गरिरहेको छ, आयआर्जन र साना पूर्वाधार निर्माण । हामीले आयआर्जनका लागि सञ्चालन गरेका कार्यक्रमबाट कुनै कुरा उत्पादन हुन्छ । त्यो उत्पादनलाई बजारसम्म पुऱ्याउनका लागि पूर्वाधारमा लगानी गर्नुपरेको हो । यी दुई क्षेत्रबाहेक कोषका कार्यक्रमहरु अन्त छरिएका छैनन् ।

**कोषले कार्यक्रम कार्यान्वयनका लागि गरिबहरुको विभिन्न समूह निर्माण गर्ने गरेको छ । कोषको उपस्थिति रहेसम्म त तिनले काम गर्लान् । कार्यक्रम सकिएपछि ती पनि विघटन हुने र गरिबहरुको आर्थिक स्थिति जस्ताको तस्तै रहने देखिन्छ नि?**

यस विषयमा हामीले गम्भीर भएर सोचिरहेका छौं । किनभने नेपालको गरिबी शून्यमा नझरेसम्म विश्व बैंकले गरिबी निवारण कोषलाई सहयोग गरिरहन्छ भन्ने हामीलाई पनि लागेको छैन । कुनै न कुनै दिन विश्व बैंकले यो कार्यक्रम छोड्छ । त्यसैले त्यस्तो अवस्थामा सरकारले नै यो कोषका कार्यक्रमलाई अघि बढाउने हो कि उसकै संयन्त्रमार्फत गर्ने हो, त्यसको नीतिगत निर्णय हुनु जरुरी छ ।

अहिले हामीले बनाएका १९ हजार समुदायिक समूह छन् । भोलि गरिबी निवारण कोषले छोड्ने अवस्थामा यिनीहरुलाई एउटा महासंघको संरचनामा लैजाने र ती महासंघहरुलाई मिलाएर सहकारीको संरचनामा लैजाने रणनीति हामीले बनाएका छौं ।

**तपाईंहरु गरिबी निवारणसम्बन्धी एउटा “ओभरसाइट एजेन्सी” को कुरा गरिरहनु भएको छ । के कोषलाई नै त्यस्तो निकाय बनाउने हो ?**

गरिबी निवारणसम्बन्धी कार्यक्रमहरुलाई एकत्रित गर्न र तिनको नियमन गर्नका लागि यस किसिमको निकाय स्थापना गर्नुपर्छ भन्ने सोचमा पुगेका छौं । यो गरिबी निवारणसम्बन्धी माउ संस्थाका रुपमा रहनेछ । राष्ट्रिय योजना आयोगले देशको विकाससम्बन्धी नीति बनाउने हुनाले केही हदसम्म त्यस्तो निकायको काम गर्न सक्छ । तर, उसले यो मात्रै काम गर्नेभन्ने हुदैन । त्यसैले गरिबका लागि मात्र कार्यक्रम लिएर जाने र त्यसको नियमन गर्ने निकाय नेपालमा अभाव नै रहेको छ । त्यसो हुदा प्रधानमन्त्रीले अध्यक्षता गरेको कोषको ४९ औं बोर्ड बैठकमा “ओभरसाइट एजेन्सी” सम्बन्धी निर्णय भयो । त्यसको स्वरुप “आयोग” हुन सक्छ, “ब्यूरो” पनि हुन सक्छ, “केन्द्र” पनि हुन सक्छ । वा, गरिबी निवारण कोषलाई परिमार्जन गरेर यसैलाई त्यस्तो निकाय बनाउन सकिन्छ । त्यसको अध्ययनका लागि विज्ञ सम्मिलित एउटा टोली गठन गर्दैछौं ।

**गरिबी निवारण कोषजस्तो संगठनले सरकारले सञ्चालन गरेका कार्यक्रमहरुको नियमन गर्ने हैसियत राख्छ त ?**

गरिबी निवारण कोषलाई सरकारको मातहतमा ल्याइयो र यसको भूमिका थपियो भने यसैले “ओभरसाइट एजेन्सी”को काम गर्न सक्छ । अर्कातिर, यसका लागि कोषले अहिलेसम्म गरिआएका कामलाई निरन्तरतासमेत दिनुपर्छ । गरिबी निवारण कोष विशेष परिस्थितिमा आएको थियो र त्यसको उपादेयता अब सकियो भनेर सरकार आफैले ती कार्यक्रम सञ्चालन गर्छ भने आयोग बनाउनु राम्रो हुन्छ जस्तो मलाई लागेको छ । आयोग भएमा यसले स्वायत्तता पाउँछ र यसमा विभिन्न राजनीतिक दललाई प्रतिनिधि गर्ने विचारहरु आउन सक्छन् । तर, यो मेरो निजी विचार हो । यसको संरचना र स्वरुप के हुने भन्ने विषय अध्ययनपछि मात्रै भन्न सकिनेछ।

**यसको अन्तर्राष्ट्रिय अभ्यास कस्ता छन् ?**

फिलिपिन्समा गरिबी निवारण आयोग भनेर गठन गरिएको छ । केही अफ्रिकी मुलुकहरुमा आयोगकै अभ्यास छ । छिमेकी राष्ट्र भारतमा राष्ट्रिय योजना आयोगको एउटा विशेष अंगका रुपमा यसको अभ्यास छ । वास्तवमा यस्तो निकायलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरा उनीहरुको अभ्यासले पनि देखाएको छ ।

**देशभित्रका सबै गरिबलाई परिचय पत्र बाड्ने कुरा गरिहनुभएको छ । यो कुरा सुन्दामा निकै राम्रो पनि लाग्छ । तर, हरेक कुरामा राजनीतिकरण भएको अहिलेको अवस्थामा निष्पक्ष ढंगले यो काम गर्न सम्भव छ ?**

यो सम्भव छ भनेर नै आँट गरेका हौं । शंकाबाटै काम शुरु गर्ने हो भने त नतिजा पनि त्यस्तै आउन सक्छ । त्यसैले यो काम आवश्यक छ र गर्नुपर्छ भनेर हामी लागिरहेका छौं । मतदाता परिचयपत्र वा अन्य कुनै परिचयपत्रजस्तो यो हुदैन । गरिबी निवारणको विषय सबै राजनीतिक दलहरुको एजेन्डा भएकाले परिचयपत्र दिदाँ कसैले पनि त्यसको विरोध नगर्लान् ।

**गरिबीको परिचयपत्रका आधारमा विशेष सुविधा पाउने भएपछि राजनीतिक दलहरु वास्तविक गरिबलाई भन्दा पनि आफ्ना कार्यकर्तालाई परिचयपत्र बाड्न अघि नसर्लान् भन्ने आधार के छ ?**

त्यस्तो खालको कलुषित भावना कुनै वर्ग र तप्काले नराख्ला भन्न सकिन्न । तर, चोर हिड्छ भनेर बाटो नै नबनाउने भन्ने हुदैन । बाटो बनाएपछि चोर र साधु दुवै हिड्छन् । चोरलाई नियन्त्रण गर्नुपर्छ । गलत क्रियाकलापलाई कानूनले नै नियमन गर्नुपर्छ । यो सबै राजनीतिक दलको चासोको विषय भएकाले सबै पक्षसँग छलफल गरेर अघि बढ्ने पक्षमा हामी छौं ।

**देशमा कति प्रतिशत गरिबी छ भनेर पनि विवाद भइरहेको अवस्थामा को गरिब हो, को होइन भनेर पहिचान गर्ने आधार के हो त ?**

यो निकै महत्वपूर्ण विषय हो । यो सन्दर्भमा हामीले गरिबीको पुनःपरिभाषित हुनुपर्छ भन्ने सोच बनाएका छौं । तेस्रो नेपाल जीवनस्तर सर्भेक्षणले बताएको २५ प्रतिशत गरिबी रहेको तथ्यांक जनगणनाबाट आएको होइन । केही पकेट क्षेत्रलाई आधार मानेर गरिएको सर्वेक्षणबाट आएको हो । अब यो कार्ड वितरण गर्दा हामीले जनगणना नै गर्नेछौं । तर, को गरिब हो, को होइन भन्ने आधार गरिबी निवारण कोषले मात्रै बनाएर हुदैन । हामीले खान पुग्ने समयावधिका आधारमा गरिबीको वर्गीकरण गरेका छौं । तथ्यांक विभागले क्यालोरीको हिसाबमा गरिबीको मापन गर्ने गरेको छ । त्यसैले हामीले अध्ययनका लागि जुन समूह बनाएका छौं, त्यसले गरिबको पहिचानको मापदण्ड तयार गर्छ । उसले तयार गरेको मापदण्डलाई मन्त्रिपरिषद्ले पारित गरेपछि त्यसकै आधारमा टेकेर कार्ड वितरण गर्ने हो ।

**कार्ड वितरण नै हुने हो भने गरिबले कहिले पाउँछन् त ?**

यससम्बन्धी नीतिगत र व्यावहारिक गृहकार्य चालू आर्थिक वर्षमा सक्ने र आगामी असोज १ गतेबाट कार्ड वितरण कार्य सुरु गर्ने निर्णय हामीले गरिसकेका छौं ।

**गरिब को हो भनेर पहिचान गर्न बाँकी छ, यसमा जनगणनाको विधि प्रयोग गर्ने पनि भन्नुहुन्छ । यस्तो अवस्थामा असोजबाट कार्ड दिन सम्भव छ र ?**

काम गर्दै जाँदा समय नपुग भएमा केही समय थपेर पनि हामी यो योजना कार्यन्वयन गर्नेछौं । यो काममा म सबैको साथ र सहयोगको अपेक्षा राख्छु ।

**गरिबी निवारण कोषका कार्यक्रमहरु अहिले तेस्रो चरणमा प्रवेश गर्ने कुरा भइरहको छ । यसले हालसम्म कति बजेट परिचालन गरेको छ ?**

आठ वर्षको अवधिमा कोषले ९ अर्ब रुपैयाँ बजेट परिचालन गरेको छ ।

**तेस्रो चरणमा प्रवेश गर्दा यिनै कार्यक्रम यथावत रहने हुन् कि केही नयाँ स्वरुपका विषयमा सोच्नुभएको छ ?**

तेस्रो चरणमा नयाँ सोच लिएर जानुपर्छ । अहिलेसम्मका सफलताहरुलाई निरन्तरता दिने र नयाँ कार्यक्रम थप गर्ने योजना बनाइरहेका छौं । यसअघि सन् २००४ मा भएको जीवनस्तर सर्वेक्षणमा सहरी गरिबको अनुपात ९ दशमलव २ प्रतिशत थियो । भर्खरै प्रकाशित पछिल्लो सर्वेक्षणले त्यो बढेर १५ दशमलव ४ प्रतिशत पुगेको देखाएको छ । यसको अर्थ सहरी गरिबको संख्या बढेको छ भन्ने हो । ग्रामीण गरिब सहरमा बसाइ सरेकाले पनि यसो भएको हुन सक्छ । तर, सहरी गरिबप्रति अहिलेसम्म कसैको ध्यान गएको छैन । त्यसकारण सहरी गरिबहरु लक्षित कार्यक्रमहरुका बारेमा हामीले सोच बनाइरहेका छौं । नयाँ चरणको कार्यक्रम सुरु गर्नका लागि हामीसँग डेढ वर्षको समय बाँकी छ । यसैले आगामी कार्यक्रम कसरी सञ्चालन गर्नुपर्छ भन्ने विषयमा म मिडिया तथा विशेषज्ञहरुलाई सुझाव दिन आग्रह गर्छु ।

बाँकी पेज ११ मा .......

# संक्षिप्त गतिविधि

## वैदेशिक रोजगार बारे मन्त्रालय-कोष सहमति

वैदेशिक रोजगारका प्रक्रिया तथा जोखिम बारे सचेत गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालय र गरिबी निवारण कोषबीच एक सहमति पत्रमा हस्ताक्षर भएको छ । सहमति पत्रमा मन्त्रालयका तर्फबाट सचिव सोमलाल सुवेदी र कोषका तर्फबाट उपाध्यक्ष जनकराज जोशीले हस्ताक्षर गर्नुभयो । वैशाख ८ मा भएको उक्त सहमति अनुसार कोषले वैदेशिक रोजगारमा जान चाहने युवालाई त्यससम्बन्धी ज्ञान दिनेछ । यसका लागि कोषको कार्यक्रममा आवद्ध ४० जिल्लाका झन्डै २० हजार सामुदायिक संस्थाका ६० हजार घरधुरीको उपयोग हुनेछ ।

## गरिबलाई परिचयपत्र आउँदो आवदेखि लागु हुने

काठमाडौं – गरिब जनतालाई राहत दिने “परिचयपत्र” नयाँ आर्थिक वर्षदेखि लागु हुने भएको छ । यो वर्ष गरिबको पहिचान गरी कार्डको डिजायन गर्ने र नयाँ आर्थिक वर्षदेखि परिचयपत्र कार्यान्वयनमा ल्याई राहत तथा सुविधा दिने सरकारी योजना छ । त्यससम्बन्धी दुई उच्च स्तरीय समितिको संयुक्त बैठकले मंगलबार ७ चैत्र २०६८ (मार्च २१, २०१२) यो निर्णय लिएको हो ।

सरकारले केही समयअघि सार्वजनिक गरेको आर्थिक विकास र समृद्धिको कार्य योजनामा गरिबी निवारण र सामाजिक सुरक्षा अन्तर्गतका क्रियाकलापमा गरिबीको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने उल्लेख छ । सोही अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा गरिबी निवारण कोष (पिएएफ) को कार्यसमितिको गत फेब्रुअरीमा बसेको बैठकले गरिबहरुको पहिचान गरी उनीहरुलाई परिचयपत्र वितरण गर्ने जिम्मेवारी दिँदै निर्देशक समिति र प्राविधिक समिति गठन गरेको थियो । निर्देशक समितिको संयोजकमा कोषका उपाध्यक्ष जनकराज जोशी छन् भने केन्द्रीय तथ्यांक ब्युरोका महानिर्देशक उत्तमनारायण मल्लले प्राविधिक समितिको संयोजन गरेका छन् ।

कोषको सञ्चालक समितिले ७५ जिल्लामै उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । तर समितिका प्रतिनिधिहरुले भने एकैचोटि सबै ठाउँमा गर्न समय र स्रोतले नभ्याउने भन्दै नमुना परियोजनाका रुपमा चरणबद्ध रुपमा परिचयपत्र वितरण कार्यक्रम लागू गर्नुपर्ने सुझाव दिएका छन् । नेपाल जीवनस्तर सर्वेक्षण (२०६६/६७) अनुसार मुलुकका २५ प्रतिशत जनता गरिबीको रेखामुनि छन् । कृषि क्षेत्रमा सक्रिय जनसंख्याको गरिबीदर अन्य क्षेत्रभन्दा बढी छ । जनसंख्याको ठूलो हिस्सा निर्वाहमुखी कृषिमा संलग्न रहेकाले कृषिमा यो दर उच्च देखिएको हो ।

बैठकले गरिबीको पहिचान र परिचयपत्र निर्माणसम्बन्धी कार्यका लागि पाँच सदस्यीय कार्यसमिति गठन गर्न पनि निर्णय गरेको छ । त्यसमा राष्ट्रिय योजना आयोग केन्द्रिय तथ्यांक विभाग, स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय र पिएएफमा प्रतिनिधि रहने छन् । यो समितिले गरिबको पहिचानका लागि स्वीकारयोग्य मापदण्ड तयार गर्ने कार्यमा प्राविधिक समितिलाई विधि र पद्धतिबारे सुझाव दिने छ । यसको कार्यालय राष्ट्रिय योजना आयोगको सचिवालयमा रहने र त्यसका आवश्यक भौतिक सहयोग आयोगले नै प्रदान गर्ने छ ।

गरिबको पहिचान र परिचयपत्र वितरणमा उच्च तहको राजनीतिक प्रतिबद्धता आवश्यक पर्ने भएकाले त्यसमा सहमति जुटाउन निर्देशक समितिले मुख्य राजनीतिक दलका वरिष्ठ नेताहरुसँग भेटघाट गर्ने भएको छ । अन्तर एजेन्सी संयोजनका लागि निर्देशक समितिले गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र निर्वाचन आयोग आयोगसगँ पनि संयुक्त बैठक गर्ने भएको छ ।

परिचयपत्र मार्फत राज्यले गरिब, उत्पीडित र सेवा नपाएका जनतासमक्ष पुग्न खोजिरहेको कोषको उपाध्यक्ष जोशीले बताए । कार्यक्रममा कोष कार्यकारी निर्देशक राजबाबु श्रेष्ठ, तथ्यांक विभागका महानिर्देशक मल्लले गरिबको पहिचानमा हाल चलनमा रहेका अभ्यास र पद्धतिबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य जनक शाह, प्रधानमन्त्री कार्यालयका सचिव लीलामणि पौडेल, गृहसचिव सुशील राणा, आयोगका सचिव युवराज भुसाल लगायतले गरिबको पहिचान र परिचयपत्र निर्माणको विधि र मापदण्डबारे सुझाव दिएका थिए ।

कोष र तथ्यांक विभाग लगायत निकायले लिने गरिबीको परिसूचक सम्बन्धी आधार फरक भएकाले सबैलाई हुने गरी समेटेर जानुपर्ने सुझाव उनीहरुको थियो । अरु देशको अभ्यासलाई पनि हेरेर जानुपर्ने भन्दै तत्कालका लागि भन्दा दीर्घकालीन हिसाबले तयारी अघि बढाउन पनि सचिवहरुले सुझाए ।

विपन्न, गरिब तथा सीमान्तकृत वर्गहरुको हितका लागि चालू त्रिवर्षीय योजनाले पनि गरिबीको रेखामुनि रहेका जनसंख्याको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने र विपन्न बेरोजगार व्यक्तिहरुलाई सहुलियत र सुविधाजन्य ऋणको व्यवस्था गरी उत्पादनमूलक कार्यमा लगानी गर्न कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको छ ।

पेज १० बाट बाँकी .......

**गरिबी निवारण कोष सरकारसँग समन्वय नगरी आफ्नै ढंगले काम गर्छ, त्यसैले यस क्षेत्रका कार्यक्रम दोहोरिने समस्या छ भन्ने आरोप लामो समयदेखि सुनिँदै आएको छ नि ?**

नीतिगत तहमा यो कोषले नेपाल सरकारले बनाएका नीति तथा कार्यक्रमअनुसार नै काम गर्ने हो । तर, हामीलाई कार्यगत स्वायत्तता ऐनले दिएको छ । यसो हुँदा यदाकदा कुनै सरकारी निकायसँग केही कुरामा तादात्म्य मिलाउन बाँकी छ । जिल्लामा केही हदसम्म स्थानीय सरकारी निकाय र कोषका कार्यक्रमहरुमा दोहोरोपन भएको कुरा साँचो हो ।

**वैदेशिक सहायतामा आउने रकमलाई व्यापार क्षमता अभिवृद्धिमा लगाउनुपर्ने अवधारणा आइरहेको समयमा गरिबी निवारणका लागि आउने रकम कसरी मिलाउने ?**

वैदेशिक सहायताको दुईटा पाटा हुन्छन् । पहिलो-पूर्वाधार, व्यापारजस्ता देखिने क्षेत्रमा वैदेशिक सहायता आउँछ । दोस्रो भनेको सामाजिक सुरक्षाजस्ता क्षेत्रमा पनि वैदेशिक सहायता आउँछ । तर, यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने व्यापारका लागि मात्रै सहायता भन्ने अवधारणाबाट अगाडि बढ्न गाह्रो छ । किनभने व्यापारका लागि पनि त केही न केही उत्पादन गर्नुपर्‍यो नि । यसका लागि लगानी आवश्यक छ । त्यसैले व्यापारकै लागि पनि उत्पादनशील क्षेत्रमा लगानी आवश्यक छ । त्यसले एउटा निश्चित वर्गलाई फाइदा पुर्‍याउँछ । व्यापारबाट उठेको राजस्व अन्ततः निरपेक्ष गरिब जनताकै सामाजिक सुरक्षामा खर्च हुन्छ । भारत र चीनजस्ता मुलुकको वार्षिक आर्थिक वृद्धि दर ८-१० प्रतिशत भए पनि त्यहाँ गरिबी बाँकी नै छ । त्यसैले विकासको प्रतिफल एउटा निश्चित तहमा नपुर्‍याएसम्म सामाजिक सुरक्षाका कार्यक्रमहरु लागु गर्नैपर्ने रहेछ । यो कुरा हाम्रा दातृ निकायहरुले राम्रोसँग बुझेका छन् । विदेशी सहायताको प्रभावकारिता सम्बन्धी पेरिस घोषापत्रले पनि उनीहरुलाई यो अधिकार दिएको छ ।

# छोटकरीमा कोष

### ३० जुन २०१२ सम्मको तथ्यांकमा



**कोष किन ?**

दसौं पञ्चवर्षिय योजनाको गरिबी न्युनीकरण रणनीति पत्र (पिआरएसपी) मा उल्लेखित चार स्तम्भमध्ये लक्षित कार्यक्रम अनुरुप गरिबी निवारण कोषको गठन भएको हो । 'गरिबी निवारण कोष विधेयक २०६०' र त्यसपछिको 'गरिबी निवारण कोष ऐन २०६३' ले कोषको संरचना र गतिविधिलाई निर्देशित गरेको छ ।

**निर्देशक (सञ्चालक) समिति**

प्रधानमन्त्रीको अध्यक्षतामा १२ सदस्यीय सञ्चालक समिति छ । व्यवसायिक व्यक्तित्वमध्येबाट ५ सदस्यसहित उपाध्यक्ष सरकारले चयन गर्छ । अन्य ५ सदस्यमा राष्ट्रिय योजना आयोगबाट पदेन सचिव, जिल्ला विकास समिति संघका अध्यक्ष, गाउँ विकास समिति संघका अध्यक्ष, महिला आयोगका अध्यक्ष र नेपाल दलित आयोगका अध्यक्ष पदेन रहने व्यवस्था छ ।

**लक्ष्य**

गरिबीबाट सदाका लागि उन्मुक्ति दिने बाटोमा लाग्न गरिबलाई सहयोग गर्ने कोषको लक्ष्य हो ।

**निर्देशक सिद्धान्त**

- गरिब लक्षित-अन्त्योदयः आर्थिक दृष्टिले तल्लो तहका गरिब तथा विपन्न वर्गको समृद्धि । पिछडिएकाहरु कोषको प्राथमिकता हुन । गरिब पहिचानका लागि सहभागीमुलक जीवनस्तर निर्धारण तथा स्वयं छनौट प्रक्रिया ।
- सामाजिक समावेशीकरणः गरिबीको रेखामुनीका दलित, जनजाति, महिला र अन्य विपन्न समूह ।
- मागप्रेरितः जनताको आवश्यकता र माग अनुरुप कार्यक्रमको ढाँचा निर्धारण । सहभागीमुलक सामुदायिक योजना ।
- सामुदायिक संस्थालाई सोझै भुक्तानीः समुदायबाट सञ्चालन र व्यवस्थापन ।
- सबै तहमा पारदर्शीता
- सामुदायिक संस्थाको संस्थागत विकास ।

| शिर्षक | | | संख्या | रुपैयाँ |
|---|---|---|---|---|
| सामुदायिक संस्था | कोषमा दर्ता | | २१,४०७ | |
| | सामुदायिक संस्था महासंघ | | ९३४ | |
| | सम्झौता | | २०,०८१ | |
| सामुदायिक संस्थामा कोषको लगानी | आय आर्जन गतिविधि | | १९,८२६ | ७,५९०,३६३,०८४.७९ |
| | सामुदायिक पूर्वाधार | | ३,८६४ | २,०६१,६६०,००७.७९ |
| | जम्मा | | २२,७५३ | ९,६५२,४२१,३८६.६० |
| सहयोगी संस्था | | | ३६६ | |
| कार्यक्रम जिल्ला | जम्मा | | ५९ | |
| | नियमित | | ४० | |
| | पहिलो चरण (६ जिल्ला) | | ६ | |
| | दोस्रो चरण (१९ जिल्ला) | | १९ | |
| | तेस्रो चरण (१५ जिल्ला) | | १५ | |
| | सिर्जनशील कार्यक्रम - एनडिएम | | १९ | |
| कार्यक्रम गाविस | सहयोगी संस्था कार्यरत | | १,६८६ | |
| | सामुदायिक संस्था गतिविधि | | १,५९१ | |
| | | | | प्रतिशत |
| सामुदायिक संस्था सदस्य घरधुरी | जम्मा | | ५६०,७१७ | |
| | गरिबी | अति गरिब (क) | ३६५,८६४ | ६५.६१% |
| | | मध्यम गरिब (ख) | १४३,५४३ | २५.६०% |
| | | गरिब (ग) | ५०,२८९ | ८.९७% |
| | | सिमान्त गैर गरिब (घ) | १,०२१ | ०.१८% |
| | लिंग | महिला | १४०,१७२ | २५.३८% |
| | | पुरुष | ४२०,५४५ | ७५.००% |
| | जाती | दलित | १६०,७९६ | २८.६८% |
| | | जनजाती | १६४,१०५ | २९.२७% |
| | | अन्य | २३५,८१६ | ४२.०६% |
| पूर्वाधारसहित लाभान्वित परिवार | जम्मा | | ६१६,७५६ | |
| | जाती | दलित | १७५,५५३ | |
| | | जनजाती | १६७,६९६ | |
| | | अन्य | २७३,५०७ | |